फोन नं. ०७१-५७७३०३,५७७२९२,५७७४०३

# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
५ नं प्रदेश, नेपाल

प.स. / Desp. ०७३/०७४
चलानी नं. Ref. No २८१ मिति / Date:- २०७४/०१/२४

**देवदह नगरपालिकामा भवन निर्माण गर्ने अनुमति नलिई भवन निर्माण गर्ने ब्यक्ति, कार्यालय र संघ संस्थालाई देवदह नगरपालिकाको अत्यन्त जरुरी सूचना।**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ बमोजिम नगरपालिका क्षेत्रमा प्रमुखवाट भवन निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निर्माण गर्न नहुने स्पष्ट ब्यवस्था छ । तर देवदह नगरपालिका भित्र यसरी अनुमति लिनुपर्ने ब्यवस्थालाई केही ब्यक्ति, कार्यालय र संघ संस्थाले पालना नगरी भवन निर्माण गरेको भन्ने बुझिन आएकोले यो सुचना प्रकाशित गरिएको छ । अत : नगरपालिका क्षेत्रमा नगर प्रमुखवाट भवन निर्माण अनुमति नलिई निर्माण भएका भवनका सम्बन्धित पक्षलाई २०७४ साल असाढ मसान्त भित्र भवन निर्माण कार्यलाई प्रचलित कानुन अनुसार अनुमति लिनुहुन सुचित गरिन्छ । उक्त म्यादभित्र पनि अनुमति नलिने ब्यक्ति, कार्यालय र संघ संस्थालाई स्थानिय स्वायत्त शासन ऐन, २०५५ बमोजिम जरिवाना हुने ब्यहोरा सूचित गरिन्छ ।

०१।२४
कार्यकारी अधिकृत
देवदह नगरपालिका कार्यालय
श्रीकृष्ण नेपाल
कार्यकारी अधिकृत